नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः- ३८२* *मितिः- २०६३/१२/११*

**इजाजतपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।**

विषय :- **परिवर्त्य विदेशी मुद्रामा खाता हुने निकायले परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाट आयात गर्न पाउने व्यवस्था बारे ।**

महाशय,

परिवर्त्य विदेशी मुद्रामा खाता हुने निम्न लिखित निकायले परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुनेगरी भारतवाट आयात गर्न अनुरोध गरेमा देहाय अनुसारको प्रक्रिया पुरा गरी आ-आफ्नो परिवर्त्य विदेशी मुद्राको खाताबाट खर्च व्यहोरिने गरी खुला इजाजत (Open General License - OGL) अन्तर्गतका सामान प्रतीतपत्रको माध्यमबाट पैठारी गर्न सकिने हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **प्रतीतपत्र खोल्न ग्राह्य हुने आयातकर्ताहरू :**

(क) दातृ संस्थाको नाउँमा खोलेको विदेशी मुद्रा खातावाला,

(ख) विदेशी मुद्रा खाता भएका कूटनैतिक नियोगहरू,

(ग) विदेशी मुद्रा खाता भएका विदेशी नागरिक तथा विदेशी संघ संस्थाहरू, र

(घ) ग्लोवल टेण्डर अन्तर्गत ठेक्का प्राप्त गर्ने विदेशी मुद्राको खाता भएका नेपाली तथा विदेशी ठेकेदारहरू ।

२. **प्रतीतपत्र खोल्दा निम्नानुसारको प्रक्रिया पुरा गर्नुपर्नेछ :**

(क) सम्बन्धित सप्लायर्सले परिवर्त्य विदेशी मुद्रामा जारी गरेको Proforma Invoice पेश गर्नुपर्नेछ ।

(ख) ग्लोवल टेण्डर अन्तर्गत ठेक्का प्राप्त गर्ने नेपाली तथा विदेशी ठेकेदारहरूले गर्ने आयातको हकमा नेपाल सरकारको सम्बन्धित निकाय (मंत्रालय, विभाग र आयोजना)बाट आयात गरिने उपर्युक्त सामानहरू उक्त आयोजनाको लागि हो भन्ने सिफारिसपत्र अनिवार्य रूपले लिनुपर्ने छ ।

(ग) वीमा र ढुवानी खर्चकोहकमा भारतीय रूपैयाँमा मात्र भुक्तानी गर्नुपर्नेछ ।

(घ) प्रतीतपत्र सम्बन्धी अन्य प्रचलित व्यवस्थाहरू सवै पालना गर्नुपर्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक